**तमानखोला गाउँपालिका**

# स्थानीय राजपत्र

**खण्ड : ४** **संख्या : ७** **मिति :२०७७ /०८/२२**

**भाग-२**

**तमानखोला गाउँपालिका**

"गाउँपालिका करार शिक्षक,बालविकास सहजकर्ता तथा विद्यालय कर्मचारी व्यवस्थापन कार्यविधि, २०७७"

**आज्ञाले,**

**विकास लम्साल**

**प्रमुख प्रशासकीय अधिकृत**

## "गाउँपालिका करार शिक्षक,बालविकास सहजकर्ता तथा विद्यालय कर्मचारी व्यवस्थापन कार्यविधि, २०७७"

*गाउँकार्यपालिका बाट स्वीकृत मिति : २०७७/०८/२२ गते*

**प्रस्तावना** : तमानखोला गाउँपालिका भित्रका सार्वजनिक शैक्षिक संस्थाहरुको शैक्षिक गुणस्तर अभिवृद्दिका लागि “शिक्षामा लगानि समृद्धिको आधार ब्यावारिक शिक्षामार्फत जीवन स्थिति सुधार”भन्ने नारालाइ सार्थक तुल्याउन गाउँपालिका करार शिक्षक ,गाउँपालिका बाट थप अनुदान प्राप्त गर्ने बालविकाश सहजकर्ता तथा विद्यालय कर्मचारी लाई प्रभावकारी र पारदर्शी ढङ्गले परिचालन गरी सम्बोधन गर्न वाञ्छनीय भएकोले तमानखोला गाउँ शिक्षा ऐन, २०७५ को दफा २१ उपदफा ४ ले दिएको अधिकार प्रयोग गरि तमानखोला गाउँकार्यपालिकाले यो कार्यविधि बनाई लागु गरेको छ ।

१. **<u>संक्षिप्त नाम र प्रारम्भ</u>** : (१) यस कार्यविधिको नाम "गाउँपालिका करार शिक्षक,बालविकाश सहजकर्ता तथा विद्यालय कर्मचारी व्यवस्थापन कार्यविधि, २०७७" रहेको छ।

(२) यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ ।

२. **<u>परिभाषा</u>** : विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा :-

(क) "कार्यक्रम" भन्नाले समितिबाट निर्धारित प्राथमिकता क्षेत्रमा कार्यान्वयन गरिने कार्यक्रम सम्झनुपर्दछ ।

(ग) "शिक्षा शाखा" भन्नाले शिक्षा, युवा तथा खेलकुद शाखा सम्झनुपर्दछ ।

(घ) "सार्वजनिक शैक्षिक संस्था" भन्नाले नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय तहको लगानी वा व्यवस्थापनमा सञ्चालित प्रारम्भिक बालशिक्षा तथा बालबिकास केन्द्र, आधारभुत शिक्षा, माध्यमिक शिक्षा, प्राविधिक तथा व्यावसायिक शिक्षा प्रदान गर्नका निम्ति प्रचलित कानुन बमोजिम स्थापना भई सञ्चालनमा रहेका शैक्षिक संस्था सम्झनुपर्दछ ।

(ङ) "सामुदायिक विद्यालय" भन्नाले नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय तहको लगानीमा सञ्चालित विद्यालय सम्झनुपर्दछ र सो शब्दले प्रचलित कानुन बमोजिम समुदायबाट सञ्चालित सामुदायिक विद्यालयको रुपमा रहेको विद्यालयलाई समेत जनाउँछ ।

(च) "गाउँपालिका" भन्नाले तमानखोला गाउँपालिकालाई सम्झनुपर्दछ ।

(छ) "शिक्षक" भन्नाले गाउँपालिकाको स्रोतबाट पारिश्रमिक पाउने गरि नियुक्ति भएको गाउँपालिका करार शिक्षक सम्झनुपर्दछ सो शब्दले कम्प्युटर शिक्षकलाई समेत बुझाउछ ।

(ज) सहजकर्ता भन्नाले प्रारम्भिक बालविकाश केन्द्रमा कार्यरत सहजकर्ता सम्झनुपर्दछ।

(झ) विद्यालय कर्मचारी भन्नाले सामुदायीक विद्यालयमा कार्यरत विद्यालय सयोगी र लेखापाललाई सम्झनु पर्दछ।

३. **<u>शिक्षक व्यवस्थापनको उदेश्य तथा क्षेत्र</u>** (१) गाउँपालिका करार शिक्षक,बालविकाश सहजकर्ता तथा विद्यालय कर्मचारी व्थवस्थापनको उदेश्य देहायबमोजिम हुनेछ ।

(२) प्राथमिक विद्यालयमा विद्यार्थी सङ्ख्या बढी भएको विद्यालयमा कक्षागत रुपमा शिक्षक सङ्ख्या थप गर्नु,

३) विद्यालयको शैक्षिक गुणस्तर वृद्धि गर्नमा सघाउ पुग्नु,

(४) शैक्षिक बेरोजगारहरुलाई रोजगारीको अवसर प्रदान गर्नु,

(५) विद्यालयको शिक्षक अभावलाई आंशिक रुपमा परिपुर्ति गर्नु,

(६) कम्प्युट विषयको पठन पाठन मा सहजता ल्याउनु ।

(७) बाल शिक्षाको अवसर सम्पूर्ण प्रारम्भिक बाल शिक्षा उमेर समुहका बालबालिका माझ पुराउनु।

(८) विद्यालयमा कार्यरत कर्मचारीको न्युन पारिश्रमिकता लाइ सम्बोधन गर्नु।

४. **<u>शिक्षक छनौट समिति सम्बन्धी व्यवस्था</u>** (१) गाउँपालिकाको स्रोतबाट व्ययभार हुने गरि स्वीकृत शिक्षक दरबन्दी र बालविकाश सहजकर्ता पदमा आवश्यक शिक्षक तथा सहजकर्ता छनौट गर्नको लागि देहायबमोजिमको एक गाउँपालिका करार शिक्षक तथा सहजकर्ता छनौट समिति हुनेछ ।

(क) विद्यालय व्यवस्थापन समिति अध्यक्ष –अध्यक्ष

ख) गाउँपालिका प्रमुख वा निजले तोकेको कार्यपालिका सदस्य -सदस्य

(ग) शिक्षा अधिकृत -सदस्य

(घ) विषयविज्ञ १ जना -सदस्य

(ङ) प्रधानाध्यापक -सदस्य सचिव

५. **समितिको काम कर्तव्य र अधिकार** :(१) समितिको काम कर्तव्य र अधिकार शिक्षक सेवा आयोगको नियमावली २०५७ बमोजिम हुनेछ।

## परिच्छेद ३

## सङ्ख्या निर्धारण, छनौट तथा नियुक्ति सम्बन्धी व्यवस्था

६. **सङ्ख्या निर्धारण** : दरबन्दी मिलान तथा शिक्षक व्यवस्थापन पश्चात् गाउँपालिकाको स्रोतबाट व्ययभार हुने गरी सार्वजनिक विद्यालयमा कार्यपालिकाको निर्णय अनुसार स्वीकृत गरिएको गाउँपालिका करार शिक्षक दरबन्दी तथा बालविकाश सहजकर्ता पदपुर्ति गर्नुपर्नेछ।

७. **आवेदन संकलनः** दफा ६ बमोजिम कार्यपालिकाबाट स्वीकृत दरबन्दी र बालविकाश सहजकर्ता पदमा शिक्षण गर्नका लागि विद्यालय तथा बालविकाश केन्द्रले गाउँपालिकाबाट अनुमति लिई आवेदन माग गर्नुपर्नेछ।

८. **आवेदन सम्बन्धी व्यवस्था** : (१) विद्यालय तथा बालविकाश केन्द्रले गाउँपालिका करार शिक्षक र बालविकाश सहजकर्ताको रुपमा सेवा गर्न चाहने उम्मेदवारले आवेदन दिने प्रयोजनको लागि कम्तिमा ७ दिनको म्याद दिई सार्वजनिक रुपमा सूचना प्रकाशन गर्नुपर्नेछ।

(२) गाउँपालिका करार शिक्षक तथा बालविकाश सहजकता को रुपमा सेवा गर्न चाहने उम्मेदवारले अनुसूची १ बमोजिमको ढाँचामा अनिवार्य रुपमा निवेदन दिनुपर्नेछ ।

९. **चाहिने योग्यता :** (१) शिक्षक हुन देहायबमोजिमको योग्यता हुनुपर्नेछ ।

(क) नेपाली नागरिक,

(ख) १८ वर्ष पुरा गरि ४० वर्ष उमेर ननाघेको,

(ग) मान्यता प्राप्त शिक्षण संस्थाबाट कम्तिमा देहायबमोजि शैक्षिक योग्यता प्राप्त गरेको हुनुपर्ने छ।

आधारभुत तहका लागी प्रवीणता प्रमाणपत्र तह वा सो सरह उर्तीण गरेको,

माध्यामिक तहका लागी स्नात्तक तह वा सो सरह उर्तिण गरेको

बालविकाश सहजकर्ता का लागी प्रवीणता प्रमाणपत्र तह वा सो सरह उर्तीण गरेको,

(घ) शिक्षक अध्यापन अनुमति पत्र लिईएको,

(ङ) भविष्यमा सरकारी नोकरी वा शिक्षक सेवाको लागि अयोग्य ठहरिने गरी सेवाबाट बर्खास्त नगरिएको,

(च) नैतिक पतन देखिने फौजदारी अभियोगमा अदालतबाट कसुरदार नठहरिएको ।

(छ ) दफा ९ घ मा जे भनिएता पनि लगतार ३ पटक सम्म विज्ञापन गर्दा कुनै शिक्षक अध्यापन अनुमति पत्र लिईएको नपाएमा विद्यालयको आवश्यकता पुर्ति गर्न तोकिएको शैक्षिक योग्यता प्राप्त व्यक्ति पनि उमेदवार बन्न सक्ने ।

१०. **परीक्षाको पाठ्यक्रमः** (१) परीक्षाको पाठ्यक्रम शिक्षक सेवा आयोग नियमावली (२०५७) संसोधनसहित मा व्यवस्था भएबमोजिम हुनेछ ।

(२)बालविकाश सहजकर्ता विद्यालयकर्मचारीका लागी छनौट समितिले आफै पनि निर्माण गर्न सक्ने छ ।

११. **नियुक्ति** :(१) शिक्षक छनौट समितिले सिफारिस गरेका उम्मेदवारलाई विद्यालय व्यवस्थापन समितिले नियुक्ति दिनेछ ।

(२) नियुक्ति भएको उम्मेदवारले सात दिन भित्र विद्यालयमा हाजिर भई शिक्षण कार्य प्रारम्भ गर्नुपर्नेछ ।सो अवधिभर शिक्षण कार्य प्रारम्भ नगरेमा नियुक्ति स्वतः बदर हुनेछ ।

(३) गाउँपालिका करार शिक्षक तथा बालविकाश सहजकर्ताले कुनै कारणवस अवधि पुरा नहुँदै सेवा छाडनु परेमा दुई महिना अगावै सम्बन्धित विद्यालयमा जानकारी दिनुपर्नेछ ।

(४) गाउँपालिका करार शिक्षक तथा बालविकाश सहजकर्ताको पद रिक्त भएमा गाउँपालिका करार शिक्षक तथा बालविकाश सहजकर्ता छनौट समितिले वैकल्पिक उमेम्दवारलाई सिफारिस गर्नुपर्नेछ

**सरुवा** : विद्यालयको आवश्यकताको आधारमा गाउँपालिका भित्रका सामुदायिक विद्यालयमा शिक्षा अधिकृतले सरुवा गर्न सक्नेछ ।

१२. **काम कर्तव्य र अधिकार** : शिक्षकको काम कर्तव्य र अधिकार देहायबमोजिम हुनेछ :-

(क) हप्तामा न्युनतम चौबिस कक्षा (पिरियड) अध्यापन गर्नुपर्ने,

(ख) पाठ्यक्रमले निर्धारण गरे बमोजिमको औपचारिक परीक्षा तथा निरन्तर विद्यार्थी मूल्याङ्क प्रणालीको प्रयोग गरी अध्यापन गरेको विषयमा विद्यार्थीको शैक्षिकस्तर मूल्याङ्कन गर्नुपर्नेछ,

(ग) जुन तहमा नियुक्ति भएतापनि विद्यालयको आवश्यकताको आधारमा माथिल्लो वा तल्लो कक्षामा अध्यापन गर्नुपर्ने ।

(घ) विद्यालयले तोकेका अन्य कार्यहरु गर्नुपर्नेछ ।

(ङ) बालविकाश सहजकर्ताले तोकीय बमोजम अध्यापन गराउनुपर्ने छ ।

१३. **शिक्षक पदमुक्त हुने अवस्था :** शिक्षकलाई देहायबमोजिमको अवस्थामा प्रधानाध्यापकको सिफारिसमा शिक्षा अधिकृतले पदमुक्त गर्न सक्नेछः-

(क) सम्झौता बमोजिमको अवधि समाप्त भएमा,

(ख) स्वेच्छिक रुपमा अवकाश लिने इच्छा गरी प्रधानध्यापक समक्ष दुई महिना पूर्व लिखित निवेदन दिएमा,

(ग) शारीरिक अस्वस्थताको कारण विद्यालयमा उपस्थित भइ कामकाज गर्न असमर्थ भएमा,

(घ) खराब आचरण प्रदर्शन गरेमा,

(ङ) विना सूचना सात दिनसम्म विद्यालयमा अनुपस्थित रहेमा,

(च) सन्तोषजनक रुपमा कार्य सम्पादन नगरेमा,

तर त्यसरी हटाउनु अघि निजलाई सफाई पेस गर्नुपर्नेछ मौका दिनुपर्नेछ ।

## परिच्छेद -५

## शिक्षकको सेवा शर्त :

१४. (१) शिक्षक तथा बालविकाश सहजकर्ताको कार्य अवधि एक शैक्षिकसत्रको हुनेछ।

(२) शिक्षकले नियुक्ति भएको विद्यालयमा उपस्थित भई तोकिएको विषयमा नियमित शिक्षण गर्नु पर्नेछ ।

(३) शैक्षिकसत्र समाप्त भएपछि आवश्यकताको आधारमा गाउँकार्यपालिकाको निर्णय बमोजिम शिक्षक तथा बालविकाश सहजकता लाइ शिक्षण कार्यको लागि निरन्तरता दिन सकिनेछ ।

१५. शिक्षक,तथा सहजकर्ता लाई दिइने पारिश्रमिक साथै शर्सत बालविकाश केन्द्र सहजकर्ता ,विद्यालयमा कार्यरत लेखापाल र विद्यालय कर्मचारी लाई गाउँपालिकाले प्रदान गर्ने थप अनुदान रकम

१६. (१) प्राथमिक तहका शिक्षकलाई रु.१५०००।—

नि.मा. तहका शिक्षकलाई रु १७५००।-

मा.वि. तहका शिक्षकलाई रु २६०००।-

बालविकाश सहजकर्तालाई रु ८५०० का दरले मासिक पारिश्रमिक दिईनेछ ।

(२) हाजिर भएको मितिले छ महिना कामकाज गरेपछी एक महिना बराबरको चाडपर्व खर्च दिइनेछ

(३) पोशाक भत्ता एकपटकको लागि रु. १०००० ।— प्रदान गरिनेछ ।

(४) शर्सत बालविकाश केन्द्र सहजकर्ता ,विद्यालयमा कार्यरत लेखापाल र विद्यालय सयोगी लाइ देहाय अनुसारले गाउँपालिका बाट रकम थप प्रदान गरिने छ।

-शर्सत बालविकाश केन्द्र सहजकर्ताका लागी रु २५००/-
-प्राथमिक र निम्नमाध्यामिक तहमा कार्यरत विद्यालय सहयोगीका लागी १५००।-
-माध्यामिक तहमा कार्यरत विद्यालय सहयोगीका लागी रु ३०००/-
-लेखापालका लागी रु २०००/- का दरले मासिक रुपमा दिइनेछ।

१७. **पाउने विदा :** गाउँपालिका करार शिक्षक तथा बालविकाश सहजकर्ता ले देहायबमोजिम बिदा पाउनेछन :-

(क) विद्यालयमा रुजु हाजिरको आधारमा प्रत्येक महिना एक दिन भैपरी आउने वा पर्व विदा

(ख) आफ्नो रीत र परम्परा अनुसार बढीमा प्रन्ध्र दिन किरिया विदा,

## परिच्छेद -६

## विविध

१८. **पालना गर्नुपर्ने आचार संहिता :** शिक्षक तथा बालविकाश सहजकता ले देहायबमोजिमको आचार संहिता पालना गर्नु पर्नेछ :-

**(क)** आफूले गरेको सम्झौता अनुसारका कार्य इमान्दारीपुर्वक सम्पन्न गर्नुपर्नेछ,

**(ख)** निर्धारित समयमा नियमित रुपले विद्यालयमा आए गएको समय जनाई हाजिर गर्नुपर्नेछ र पहिले विदाको अनुमति नलिई विद्यालयमा अनुपस्थित नहुने,

**(ग)** कुनै भाषा, धर्म तथा सम्प्रदाय विरोधी भावना शिक्षक तथा विद्यार्थीसमक्ष फैलाउन नहुने,

**(घ)** गाउँपालिकाको विद्यमान नीति र व्यवस्थाको प्रतिकुल हुने गरी कुनै काम गर्ननहुने,

**(ङ)** कुनै राजनैतिक दलको गतिविधिमा संलग्न नहुने,

**(च)** इमानदारीता, शिष्ट, नम्र, पारदर्शी र सदाचार व्यवहार अवलम्बन गर्नुपर्नेछ ।

**(छ)** नियमित रुपमा नेपाल सरकारले तोकेको पोशाक लगाउनुपर्ने ।

१९. **<u>अनुगमन तथा प्रतिवेदन व्यवस्था</u>** : (१) शिक्षकले गरेको कार्यको नियमित अनुगमन सम्बन्धित प्रधानाध्यापकबाट हुनेछ ।

(२) प्रधानध्यापकले उपदफा (१) बमोजिम अनुगमन प्रतिवेदन त्रैमासिक रुपमा गाउँपालिकामा पठाउनुपर्नेछ ।

२०. **शिक्षक छनौट व्यवस्थापन खर्चः** शिक्षक छनौट सम्बन्धि कार्यमा लाग्ने खर्च गाउँपालिकाको को शिक्षा, युवा तथा खेलकुद शाखातर्फको "गाउँपालिका शिक्षक तथा बालविकाश सहजकर्ता व्यवस्थापन " कार्यक्रम शीर्षकबाट गर्नुपर्नेछ ।

२१. **अन्यः** यस कार्यविधि बाहेकका प्रावधानहरु गाउँपालिकाको शिक्षा सम्बन्धि कानून एवं कार्यपालिकाको निर्णय बमोजिम हुनेछ ।

## अनुसूची -१

(दफा ८ को उपदफा (२) सँग सम्बन्धित)

(क) उम्मेदवारको वैयक्तिक विवरणः

| | | | | | | |
|---|---|---|---|---|---|---|
| उम्मेदवारको नाम थर | देवनागरिमा | अङ्ग्रेजी ठूलो अक्षरमा | | | लिङ्ग | |
| | | | | | | |
| | जिल्ला | नपा/गापा | वडा नं | टोल | मोबाइल नं | इमेल |
| | | | | | | |
| | नागरिकता नं | जारी गर्नुपर्नेछ जिल्ला | जारी मिति | जन्म मिति | | |
| | | | | | | |
| बावुको नाम थर | | | | | | |
| आमाको नाम थर | | | | | | |
| बाजेको नाम थर | | | | | | |

**(ख)** शैक्षिक योग्यता सम्बन्धि विवरणः

| क.स. | बोर्ड | शैक्षिक उपाधि | संकाय | श्रेणी | प्रतिशत | मूल विषय |
|---|---|---|---|---|---|---|
| | | | | | | |
| | | | | | | |
| | | | | | | |

| **उम्मेदवारको ल्याप्चे सहीछाप** | | | |
|---|---|---|---|
| दायाँ | बायाँ | **उम्मेदवारको दस्तखत** | **मिति** |
| | | | |

(ग) संलग्न कागजातहरुः

१. नेपाली नागरिकताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि -थान १,

२. स्थायी अध्यापन अनुमतिपत्रको प्रमाणित प्रतिलिपि —थान १,

३. शैक्षिक योग्यताका प्रमाणपत्रका प्रमाणित प्रतिलिपिहरु सबै,

४. आवेदन शुल्क रु. १०००/-विद्यालयमा बुझाएको भौचर —थान १,

५. पासपोर्ट साइजको फोटो -२ प्रति